१२४

# राष्ट्रिय सूचना आयोगको

## आदेश

मु.नं. २१९६-२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ............................................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, ५ नं. डिभिजन सडक कार्यालय, शिवपुर, कपिलवस्तु ..................................१ विपक्षी
सूचना अधिकारी, ५ नं. डिभिजन सडक कार्यालय, शिवपुर, कपिलवस्तु ..................................१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले ५ नं. डिभिजन सडक कार्यालय, शिवपुर, कपिलवस्तु समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०९।०३ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।२४ को आदेश बमोजिम ५ नं. डिभिजन सडक कार्यालय, शिवपुर, कपिलवस्तुको मिति २०७१।१०।२५, च.नं. ६१५, प.सं. ०७१/०७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराईएको बोधार्थ पत्र आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

इति सम्वत् २०७१ साल फागुन १८ गते रोज २ शुभम् ।